# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, साउन २ गते २०४६ साल (संख्या १४

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३७ बमोजिम लागेको वा लाग्ने शुल्क र दफा ५९ बमोजिम लागेको जरिवाना देहायबमोजिम मिन्हा गरिदिने निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित हुनुभन्दा अगावै चुक्ता गरिसकेको कर रकममा लागेको शुल्क र जरिवाना बाँकी बक्यौता भए शुल्क पूरै र जरिवानाको ५० प्रतिशतले हुने रकम ।

२. २०४६ आषाढ मसान्तभित्र सम्पूर्ण कर रकम चुक्ता गर्ने करदातालाई लागेको वा लाग्ने शुल्क पूरै र जरिवानाको ५० प्रतिशतले हुने रकम ।

आज्ञाले,

शशिनारायण शाह

श्री ५ को सरकारको का. म. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।